नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

## परीक्षा नियन्त्रण कार्यालय कक्षा १०

सानोठिमी, भक्तपुर

## उमेर,नाम र जात सच्याउने सम्बन्धी सूचना !

नेपाल सरकारद्वारा उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७ संशोधन भई संशोधित **उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७** को तेस्रो संशोधन मिति **२०८०।०५।१८**को राजपत्रमा प्रकाशित भइसकेको सन्दर्भमा एस्.एल्.सी. वा एस्.इ.ई. वा कक्षा १२को शैक्षिक योग्यताका प्रमाणपत्रमा उमेर, नाम वा जात सच्याउनुपर्ने भए **उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७**मा भएको व्यवस्था अनुसार आवश्यक प्रमाणकागजात र प्रक्रिया पूरागरी राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयहरू(कक्षा १० वा कक्षा १२) मा सम्पर्क गर्न सूचित गरिएकोमा उक्त **उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७** को नियम ६.को उपनियम(२)को कार्यान्वयन सम्बन्धमा थप व्याख्या आवश्यक रहेकोले थप व्याख्याका लागि राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मार्फत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पत्राचार गरिएकोले सो व्याख्या प्राप्त नहुँदासम्मका लागि २०७५ साल पूर्व जारी भएका प्रमाणपत्रहरूको जन्ममिति संशोधनको कार्य अगाडि नबढेको व्यहोरा सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ । २०७५ साल पूर्व जारी भएका प्रमाणपत्रहरूमा नाम, थर र नाम,थरका हिज्जे संशोधन गर्नु पर्ने भएमा सोही **उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७** को तेस्रो सैशोधन, २०८०को नियम ६. को उपनियम (३) बमोजिम निवेदन दिन सकिने व्यहोरा समेत सूचित गरिन्छ ।

**-परीक्षा नियन्त्रक**